**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०८ अक्तूबर २०२३

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले आज नया दिल्लीमा वर्ष 2022 को लागी राष्ट्रीय फिल्म पुरस्कार प्रदान गर्नुभएको छ ।

२. जम्मु कश्मिर र हरियाणा बिधानसभा चुनाउको मतगणना सार्वजनिक भएको छ स अहिले सम्मको परिणाम अनुसार , जम्मु कश्मिरमा, नेशनल कन्फरेन्स र कांग्रेसको गठबन्धन अघिरहेको छ भने हरियाणामा भारतीय जनता पार्टीले बडट लिएको छ ।

३. पश्चिम बङ्गालमा कोलकाताको आरजी कार मेडिकल कलेज र अस्पतालका वरिष्ठ प्राध्यापकहरूले सामूहिक राजीनामा दिएका छन्।

४. दार्जीलिंगका लोकसभा सांसद एवं भाजपाका राष्ट्रिय प्रवक्ता राजु बिस्ट ले आज दार्जिलिङ लोकसभा निर्वाचन क्षेत्रको विभिन्न स्थानहरूको भ्रमण गर्नुभएको छ स

५. मिरिक महकुमाको सिंगबुली चियाबगानमा आज देखि श्रमिकहरुले काम शुरु गरेको छ स

६. खर्सांगको तीनधारे बीस माइलस्थित उत्तर केशी सिंहदेवी मन्दिरमा सार्वजनिक श्री श्री नव दुर्गा भवानी पूजा भोलिदेखि शुरु भईरहेको छ।

**हरियाणा -जम्मु चुनाउ परिणाम**

हरियाणाको ९० सदस्य रहेको विधानसभा चुनाउको परिणाम सर्वाजनिक भएको छ जसमा भाजपाले ऋऋ४१ ऋऋ सीटजितेको छ भने कंग्रेसले ऋऋऋ३३ऋऋऋऋऋ सीटहरू जितेको छ सयसरीनै राष्ट्रिय कांग्रेस लोकदलले दुई सिट जितेको छ भने स्वतन्त्र उम्मेदवारले ऋऋतीन ऋऋ सिट जितेका छन् ।यसरीनै जम्मु काश्मिरका सबै ९० सिटको परिणाम सार्वजनिक भएको छ। नेसनल कन्फरेन्सले ४२ सिट जितेको छ। भारतीय जनता पार्टीले २९ सिट जितेको छ भने भारतीय राष्ट्रिय कंग्रेसले ६ सिट जितेको छ। जम्मु–काश्मिरमा पिपुल्स डेमोक्र्याटिक पार्टीले तीन सिट जितेको छ। जम्मु–काश्मिर पिपुल्स कन्फरेन्सए भारतीय कम्युनिस्ट पार्टी (माक्र्सवादी) र आम आदमी पार्टीले एक–एक सिट जितेका छन्।

****** ० ******

**राष्ट्रपति द्रौपदी मुर्मु- फिल्म पुरस्कार**

राष्ट्रपति द्रौपदी मुर्मुले आज नया दिल्लीमा वर्ष 2022 को लागी राष्ट्रीय फिल्म पुरस्कार प्रदान गर्नुभयो। यस अवसरमा सूचना एवं प्रसारण मंत्री अश्विनी वैष्णव , राज्य मंत्री एल मुरुगन पनि उपस्थित हुनुहुन्थ्यो स यस अवसरमा सिनेमा क्षेत्रको सर्वोच्च पुरस्कार दादासाहेब फाल्के पुरस्कारद्वारा मिथुन चक्रवर्तीलाई सम्मानित गरियो ससूचना एवं प्रसारण सचिव संजय जाजू ले भन्नुभयो -वर्ष 2022 को लागी मंत्रालयले फीचर फिल्म श्रेणीमा 32 भाषाहरुमा कुल 309 फिल्महरु र गैर-फीचर श्रेणी मा 17 भाषाहरुमा 128 फिल्महरुको प्रविष्टियां प्राप्त भएको थियो। उहाँले अझ भन्नुभयो - मन्त्रालय विभिन्न पहलहरू मार्फत भारतीय सिनेमालाई सहयोग गर्न प्रतिबद्ध छ। सिनेमेटोग्राफ अधिनियममा गरिएको संशोधनले प्रमाणीकरण प्रक्रियालाई आधुनिकीकरण गर्नेछ र पाइरेसीसँग लड्न मद्दत गर्नेछ।

****** ० ******

**रक्षा मंत्री राजनाथ सिंह जर्मनी**

रक्षामन्त्री राजनाथ सिंहले जर्मनीका रक्षामन्त्री बोरिस पिस्टोरियससँग टेलिफोनमा बातचित गर्नुहुदै दुई नेताबीच रक्षा औद्योगिक सहयोगलाई थप मजबुत बनाउने विषयमा चर्चा भएको बताउनु भएको छ । उहाँहरुले हवाई तथा समुद्री अभ्यास लगायत जारी रक्षा सहयोग गतिविधिको पनि समीक्षा गर्नुभएको छ । श्री सिंहले भारत-जर्मनीको संयुक्त परियोजनाहरूका साथै रक्षा गतिविधिहरूलाई ठोस आकार दिन दुवै मन्त्रीहरूले निकट भविष्यमा भेट्ने योजना पनि बनाएको बताउनु भएको छ।

****** ० ******

**अटल पेंशन योजना**

एपीवाई अर्थात अटल पेन्शन योजना अन्तर्गत हालसम्म ७ करोड भन्दा अधिक नामांकन गरिएको छ। पेन्शन कोष नियमन तथा विकास प्राधिकरणले आज सार्वजनिक गरेको तथ्याङ्क अनुसार चालू बितीय वर्षको हालसम्म ५६ लाखभन्दा अधिक दर्ता भएका छन् । अटल पेन्सन योजना एक सामाजिक सुरक्षा योजना हो जसले असंगठित क्षेत्रका श्रमिकहरूको योगदानको आधारमा प्रति महिना एक हजार देखि पाँच हजार रुपिया सम्म पेन्सन प्रदान गर्दछ। यसलाई सन् २०१५ मा शुरु गरिएको थियो ।

****** ० ******

**जॉन एच. होपफील्ड - जेफ्री ई. हिंटन नोबेल पुरस्कार**

जोन एच. हपफिल्ड र जेफ्री इ. हिन्टनलाई सन् २०२४ को भौतिकशास्त्रतर्फको नोबेल पुरस्कार प्रदान गरिने भएको छ । उहाले आधुनिक समयको शक्तिशाली मेशिन लर्निङको जग बसाल्ने विधिहरू विकास गर्न भौतिक विज्ञानका उपकरणहरू प्रयोग गर्नुभयो । जोन हपफिल्डले एक सहयोगी मेमोरी सिर्जना गरे जुन डेटामा छविहरू र अन्य ढाँचाहरू भण्डारण र पुनर्निर्माण गर्न सक्षम छ। जेफ्री हिन्टनले एक विधिको आविष्कार गरे जुन स्वायत्त रूपमा डेटामा गुणहरू पहिचान गर्दछ र छविहरूमा विशिष्ट तत्वहरू पहिचान गर्ने जस्ता कार्यहरू गर्दछ।

****** ० ******

**पश्चिम बंगाल -आरजी कर मेडिकल कॉलेज**

पश्चिम बङ्गालमा कोलकाताको आरजी कार मेडिकल कलेज र अस्पतालका वरिष्ठ प्राध्यापकहरूले सामूहिक राजीनामा दिएका छन्। उनीहरुले यस वर्षको अगस्टमा एक डाक्टरको बलात्कार र हत्याको विरोधमा प्रदर्शन गरिरहेका जुनियर डाक्टरहरूको समर्थनमा यस्तो निर्णय गरेको बताइएको छ । राज्य का मुख्य सचिव मनोज पन्तले मेडिकल कलेज र अस्पतालका प्रतिनिधिसँग चर्चा गरिरहेका छन् । बैठकमा पश्चिम बङ्गालका स्वास्थ्य सचिव पनि उपस्थित छन् ।

****** ० ******

**दार्जीलिंग – सांसदको बिजनबारी भ्रमण**

दार्जीलिंगका लोकसभा सांसद एवं भाजपाका राष्ट्रिय प्रवक्ता राजु बिस्ट ले आज दार्जिलिङ लोकसभा निर्वाचन क्षेत्रको विभिन्न स्थानहरूको भ्रमण गर्नुभयो ।उहाँले,बिजनबारी-रिम्बिक-लोधोमा क्षेत्रमा पहिरोले प्रभावित क्षेत्रको निरीक्षण गर्नुभयो स उहाँले दार्जीलिङदेखि बाँसबोटेसम्मको बाटोमा गएको सानाठूला पहिरोहरूको पनि अवलोकन गर्नुभयो । उहाँले बिजनबारी खण्डको कैजले बजारए झेपीए तल्लो लामा गाउँ र छेउछाउका क्षेत्रमा धैरै घरए खेतबारीए मन्दिर र सडकहरु भत्किएको जानकारी दिनु भएको छ । लोधोमा क्षेत्रमा लगातार वर्षाको कारण शान्ति रोडका बासिन्दाहरु चिन्तित बनेका छन् । संसद श्री बिस्टले प्राकृतिक प्रोकोप बारे प्रशासनिक अधिकारीहरूसँग भू-प्राविधिक र प्राकृतिक खतराको अध्ययनलाई भारतीय भूवैज्ञानिक सर्वेक्षणद्वारा यस क्षेत्रको स्थिरताको आकलन गर्न अनुरोध गरिएको जानकारी दिनुभएको छ। उहाँले राज्य सरकारले क्षेत्रका प्रभावितहरूको पुनर्वासको लागि आवश्यक कदम चाल्नु अनिवार्य रहेको र उनीहरूलाई वैकल्पिक भूमि र उनीहरूको स्थानान्तरणको लागि आर्थिक सहयोग प्रदान गर्नु आवश्यक रहेको बताउनु भएको छ ।

****** ० ******

**रेड पाण्डा**

पद्मजा नायडू हिमालयन जुओलोजिकल पार्कए दार्जिलिङको रेड पाण्डा कार्यक्रम वर्ल्ड एसोसिएसन अफ चिडियाखाना र एक्वारियम (वाजा) संरक्षण पुरस्कार २०२४ को फाइनलमा चयन भएको छ। पद्मजा नायडू हिमालयन जुलोजिकल पार्कले भारत सरकार र विभिन्न संस्थाहरूसँगको सहयोगमा बासस्थान पुनर्स्थापनाका धेरै पहलहरू गरेको छ। बर्ष 2022 र बर्ष 2024 को बीचमाए नौ बन्दी रेड पाण्डालाई पश्चिम बंगालको सिंगलिला राष्ट्रिय उधानमा छोडिएको छ । चिडियाखानाको संरक्षण प्रयासहरू यसको बायोबैंकिङ र आनुवंशिक स्रोत सुविधाद्वारा बलियो बनाइएको छए जसमा रेड पाण्डा र अन्य लोपोन्मुख प्रजातिहरूकोए टिस्यु र डीएनए भविष्यमा प्रयोगको लागि सुरक्षित गरिनेछ।वाजा पुरस्कारको विजेताको घोषणा अर्को महिनाको ७ तारिख अष्ट्रेलियाको तारोङ्गो चिडियाखानामा हुने ७९औँ वाजा वार्षिक सम्मेलनमा गरिनेछ।

****** ० ******

**सिंगबुली -बगानमा काम शुरु**

मिरिक महकुमाको सिंगबुली चियाबगानमा आज देखि श्रमिकहरुले काम शुरु गरेको छ स तथापी, बगानमा काम शुरु भए पनि रहल ४ः बोनस को लागी संघर्ष जारी रहने श्रमिकबर्गले बताएका छन् ससिंगबुली चियाबारीको अन्य चारै डिभिजनका चिया श्रमिकहरुले २० प्रतिशत बोनस बिषय लिएर दशै पछि मालिकपक्ष संग सभा बस्ने निर्णय लिएको छ स समझौतामा विशेष दशैं पछि रहल ४ः बोनस विषयमा निर्णय नभए आन्दोलनले अर्कै रूप लिने श्रमिकहरूले बताएका छन्।

****** ० ******

**घुम-जोरबंगलो -चिया**

घुम-जोरबंगलो पिपल्स अर्गनाइजेशनका अध्यक्ष साङ्गे डुक्पा र महासचिव थेण्डुप वाङ्दीले आज एक प्रेस विज्ञप्ति जारी गर्दै चिया बगानका मजदुरहरुलाई १६% बोनस स्वीकार नगर्न र पूरा २०% (४% रहल बोनस सहित)-को लागि संघर्ष जारी राख्न आग्रह गर्नुभएको छ ।श्री डुक्पाले दशैं मनाउनका लागि श्रमिकहरुका लागि बोनस महत्वपूर्ण हुने र पत्ती संकलनको पहिलो चरणमा बर्ष २०२४–२५ को बोनसबारे निर्णय गर्नुपर्ने बताउनु भएको छ ।

****** ० ******

**कुचबिहार-दुर्गा पुजा**

कुचबिहारको संशोधनागारमा यस वर्ष पनि दुर्गा पूजा आयोजना गरिँदैछ जसबाट सजाय भोगिरहेका बन्दीहरू खुशी बनेका छन् । वास्तवमा कारावासमा रहेका बन्दीहरूले हरेक दिन सूर्योदयदेखि सूर्यास्तसम्म लगभग दिनभरि नै चार कोठा भित्र बिताउँछन्। उनीहरूको सुख-दुःख चार कोठा सम्म मात्र सीमित रहन्छ। यस्तो अवस्थामा बन्दीहरू पनि आनन्ददेखि वञ्चित नरहुन् भन्ने उद्देश्यले जेल प्रशासनले यस वर्ष पनि कुचबिहार जिल्ला संशोधनागारमा दुर्गा पूजा आयोजना गरिरहेको जानकारी प्राप्त भएको छ । यस अवसरमा बन्दीहरूको लागि विशेष भोजन पनि उपलब्ध गराइनेछ यस अतिरिक्त सांस्कृतिक कार्यक्रम पनि आयोजना गरिनेछ। संशोधनागारमा पूजाको तयारी शुरू भइसकेको छ जसबाट बन्दीहरू उत्साहित छन्। कुचबिहार जिल्ला संशोधनागारका अधीक्षक गौतम रायले पूजा सामान्य स्तरमा आयोजना गरिएको जानकारी दिनुभएको छ ।

****** ० ******

**तीनधारे-अम्बटे - दुर्गा भावनी पुजा**

तीनधारेको बीस माइलस्थित उत्तर केशी सिंहदेवी मन्दिरमा सार्वजनिक श्री श्री नव दुर्गा भवानी पूजा भोलिदेखि शुरु भईरहेको छ। उक्त मन्दिरमा सार्वजनिक श्री नव दुर्गा भवानी/ काली पूजा कमिटिको आयोजनामा मन्दिरमा भोलि ९ अक्टोबरदेखि ११ अक्टोबरसम्म भव्य रुपमा सम्पन्न हुनेछ। उक्त सरदीय नवरात्रिमा आयोजक समितिले नेपाली परम्परा श्री श्री दुर्गा माँ को प्रतिमाबाट झल्काउने प्रयास गरिएको छ। सन् १९६८ मा स्थापना भएको उक्त मन्दिरमा सम्पूर्ण भक्तजन लगायत स्थानीय महानुभावहरूलाई सह-परिवारसहित पूजा कमिटिको तर्फबाट निमन्त्रणा गरिएको छ ।यसरीनै खरसाङ खण्ड अन्तर्गत अम्बटे चियाबारीको टार गाउँमा अवस्थित प्रख्यात काली मन्दिरमा प्रत्येक वर्ष झैँ यस वर्ष पनि नौ दिवसीय पूजा अर्चनाको कार्यक्रम भइरहेको छ।

****** ० ******